## कन्सुलर सेवा विभागमा प्रवेशाज्ञा (Visa) का लागि सिफारिस पत्र लिन आउँदा यस विभागको Website मा Online फाराम भर्ने तरिकाः

१. Internet भएको Computer वा Mobile बाट यस विभागको Website, **https://nepalconsular.gov.np** खोल्ने ।

२. Website खोले पछि **Apply Online Visa Recommendation** मा click गर्ने ।

३. त्यस पछि दाँया पट्टी रहेको **Sign Up [नयाँ आवेदकहरुको लागि]** मा आफ्नो नाम र इमेल राखि ६ अक्षर/अङ्कको Password राखी सोही Password पुनः Confirm Password मा लेख्रे र **Register** मा Click गर्ने। (जस्तै Name: Ram Prasad Nepal, Email: helloram@gmail.com र Password: 123456)

४. त्यस पछि Website को बाँया भागमा रातो अक्षरमा लेखिएको **Online Application** मा Click गर्ने र Form मा उल्लेख भएको विवरण भर्ने । यदि एउटै कार्यक्रम (Program) मा एक भन्दा बढि जनाको सहभागिता भएमा पहिलो व्यक्तिको विवरण भरिसके पछि **Add Person** मा Click गरि माग भएअनुसारको विवरण भर्ने र यदि एक जना मात्र भएमा व्यक्तिगत विवरण भरी **Save & Continue to Program** मा Click गर्ने । (जस्तैः चार जनाको समुह छ भन्ने पहिलो व्यक्तिको विवरण भरी Add Person मा click गर्ने र दोस्रो, तेस्रो र चौथो व्यक्तिको भरेर मात्र Save & Continue to Program मा Click गर्ने । )

५. एक भन्दा बढि कार्यक्रम (Program) भए **Add Program** मा Click गर्ने र एउटा मात्र कार्यक्रम (Program) भए बाँया तिर लेखिएको **Select All** मा click गरी **Submit** मा Click गर्ने र Displayed (देखिएको) पाना Print गर्ने ।

६. Online भरेको सबै विवरण ठिक भएमा विभागको कर्मचारीबाट Form Approve भएको जानकारी Sign In गरी Status मा हेर्ने र तत् पश्चात **अनिवार्य रुपमा देहायबमोजिमका कागजातहरु लिएर** Visa सिफारिस पत्रका लागि यस विभागमा आउने वा कसैलाई पठाउने ।

   a) Visa सिफारिसका लागि यस विभागको नामामा लेखिएको सक्कल पत्र ।
   b) कार्यक्रममा सहभागिताका लागि सम्बन्धित निकायबाट स्वीकृत भएको टिप्पणीको छाँया प्रति (टिप्पणीको पहिलो पाना देखि अन्तिम पानासम्म स्वीकृत भएको ब्यहोरा स्पष्ट देखिने हुनु पर्छ)
   c) यदि कुनै निमन्त्रण पत्र भए सोको छाँया प्रति

**नोटः** यो Online Form भर्नु भन्दा पहिले **राहदानी/हरु, Visa सिफारिसका लागि यस विभागलाई लेखिएको पत्र र टिप्पणी/मन्त्रिपरिषद् निर्णयको** अनिवार्य Scan गरेर राख्नुहुन (सम्बन्धित स्थानमा Upload गर्नका लागि) अनुरोध छ ।

**पुनश्चः यस विभागमा पत्रका लागि आउनु भन्दा पहिले नै Online Form भरेर आउनुहुन तथा यहाँ Form भर्नका लागि अनुरोध नगरिदिनुहुन अनुरोध छ ।**